नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन

# बीमा समाचार

वर्ष २, अङ्क १, २०७९ पौष
(December-January, 2023)

## नेपाल बीमा प्राधिकरणको कार्य शुभारम्भ

# नेपाल बीमा प्राधिकरण स्वायत्तताको अभ्यास गर्दै अघि बढ्छः अध्यक्ष सिलवाल




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलावलबाट प्राधिकरणको साइनवोर्ड अनावरण पश्चात अध्यक्ष सिलवाल तथा कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा निर्देशक लगायत कर्मचारीहरू।

नेपालको संविधान बमोजिम सङ्घीय संसद्‌बाट बनेको बीमा ऐन, २०७९ लागू भएको दिन यही २०७९ साल कात्तिक २२ गते मङ्गलबारदेखि बीमा समिति 'नेपाल बीमा प्राधिकरण' मा परिणत भएको छ। बीमा ऐन, २०७९ बमोजिम बीमा समिति 'नेपाल बीमा प्राधिकरण' मा परिणत भएको हो।

त्यस अवसरमा ललितपुरको कुपण्डोलस्थित प्राधिकरणको कार्यालयमा यही कात्तिक २२ गते आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले प्राधिकरणको साइनबोर्ड अनावरण गर्नुभई प्राधिकरणको काम कारवाही औपचारिक रूपमा शुभारम्भ गर्नुभयो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले जलवायु परिवर्तनबाट बढ्दै गएका जोखिमविरूद्ध सबैलाई आर्थिक सुरक्षण प्रदान गर्ने विषय लगायतका हालका आवश्यकता र यस अघिको बीमा ऐनले सम्बोधन गर्न नसकेका विषयहरूलाई बीमा ऐन, २०७९ ले सम्बोधन गरेको बताउनुभयो।

"बीमा ऐन, २०७९ ले नेपाल बीमा प्राधिकरणको स्वायत्ततालाई सुनिश्चित गरेको छ, प्राधिकरण स्वायत्तताको अभ्यास गर्दै अघि बढ्छ", अध्यक्ष सिलवालले भन्नुभयो, "विपन्न बर्गसम्म बीमाको पहुँच विस्तार, समयमैं बीमा दावी भुक्तानी, बीमितको हक हितको संरक्षण, बीमा शिक्षा तथा सचेतना अभिवृद्धि, बीमा सूचना केन्द्रको स्थापना र लघुबीमाको प्रवर्द्धनका लागि ऐनमा नै व्यवस्था भएको छ।"

अध्यक्ष सिलवालले बीमा ऐन, २०७९ ले बीमाका अन्य पक्षहरूलाई समेत नियमन तथा सुपरीवेक्षण गर्नसक्ने अधिकार प्राधिकरणलाई दिएको उल्लेख गर्नुहुँदै बीमक मात्र नभई बीमितले समेत जालसाजी र मिलेमतो गरी ठगी लगायतका बदमासी गरेमा दण्ड सजाय गर्न सकिने व्यवस्था रहेको बताउनुभयो।

अध्यक्ष सिलवालले विगत ३० वर्षको अवधिमा बीमा क्षेत्रमा भएको विकासलाई बीमा ऐन, २०७९ ले सम्बोधन गरेको उल्लेख गर्नुहुँदै अन्तर्राष्ट्रिय अभ्यास र टुल्सहरू प्रयोग गरी बीमा व्यवसायको प्रवर्द्धन गर्न र सुशासन कायम गर्न मार्ग प्रशस्त भएको बताउनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा ऐन, २०७९ ले बीमा विकास कोष तथा बीमित हित संरक्षण कोष मार्फत विपन्न बर्गसम्म बीमाको पहुँच विस्तार तथा बीमितको हक हितको सुरक्षा समेत सुनिश्चित भएको बताउनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरू कमलप्रसाद रेग्मी, सुशीलदेव सुवेदी, पूजन ढुङ्गेल (अधिकारी) र दिनेश कुमार लाल लगायत कर्मचारीहरू तथा विभिन्न संचार माध्यमका संचारकर्मीहरूको सहभागिता रहेको थियो।

संरक्षक
श्री सूर्यप्रसाद सिलवाल, अध्यक्ष

सल्लाहकार
श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक
श्री कमल प्रसाद रेग्मी, निर्देशक
श्री सुशीलदेव सुवेदी, निर्देशक
श्री दिनेश कुमार लाल, निर्देशक

सम्पादक समूह
संयोजक
श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

सदस्यहरू
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार
श्री पुष्पा कुँवर, उप निर्देशक
श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर।
फोनः ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

# नेपाल बीमा प्राधिकरणबाट जारी प्रेस विज्ञप्ती

**नेपाल बीमा प्राधिकरणले यही २०७९ साल कात्तिक २२ गते कार्य शुभारम्भ गरेको अवसरमा ललितपुरको कुपण्डोलस्थित प्राधिकरणको केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्राधिकरणबाट जारी प्रेस विज्ञप्ती :**

### नेपाल बीमा प्राधिकरण

१. नेपालको संविधान बमोजिम सङ्घीय संसद्बाट बनेको बीमा ऐन, २०७९ मिति २०७९ साल कात्तिक २२ गतेदेखि लागू भएको छ। बीमा ऐन, २०७९ बमोजिम बीमा समिति 'नेपाल बीमा प्राधिकरण' मा परिणत भएको छ र प्राधिकरणले यही कात्तिक २२ गतेदेखि औपचारिक रूपमा काम शुरू गरेको छ। यसअघि, नेपालको बीमा नियमनकारी निकायका रूपमा बीमा समितिबाट भएका सम्पूर्ण काम कारवाहीहरू आजदेखि नेपाल बीमा प्राधिकरणबाट गरेको वा भएको मानिने व्यवस्था ऐनमा रहेको छ।

### नेपाल बीमा प्राधिकरणलाई थप स्वायत्तता

२. नेपाल बीमा प्राधिकरण बीमा व्यवसायको नियमनकारी निकायका रूपमा रहने र प्राधिकरणले नेपाल सरकारको बीमा सम्बन्धी सल्लाहकारका रूपमा समेत कार्य गर्ने व्यवस्था बीमा ऐन २०७९ मा रहेको छ। ऐनले नेपाल बीमा प्राधिकरणलाई थप अधिकार सहित स्वायत्त बनाएको छ।

३. बीमा कम्पनीको स्थापना गर्न पूर्वस्वीकृति दिने, इजाजतपत्र प्रदान गर्ने तथा खारेजी गर्ने, बीमा व्यवसायका लागि आवश्यक विनियम, निर्देशिका, मार्गदर्शन र आदेश जारी गर्ने, बीमा मध्यस्थकर्तालाई इजाजतपत्र प्रदान गर्ने, नवीकरण गर्ने तथा खारेजी गर्ने लगायतका अधिकारहरू प्राधिकरणमा निहित रहेका छन्।

४. बीमा व्यवसायसँग सम्बन्धित पूँजी तथा पूँजीकोष निर्धारण गर्ने, बीमा व्यवसायको जोखिम न्यूनीकरण गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने, न्यून आय भएका बर्गसम्म बीमाको पहुँच पुऱ्याउन लघुबीमा व्यवसायको प्रवर्द्धन गर्ने, बीमा सम्बन्धमा प्रदेशसँग समन्वय गर्ने लगायतका कार्यहरू प्राधिकरणले गर्ने कानूनी व्यवस्था रहेको छ।

### बीमा विकास कोष र बीमित हित संरक्षण कोष

५. आर्थिक रूपले विपन्न वर्गका नागरि कसम्म बीमाको पहुँच पुऱ्याई बीमाको माध्यमबाट नागरिकको हित संरक्षण गर्नका लागि नेपाल बीमा प्राधिकरणमा एक बीमा विकास कोष रहने व्यवस्था बीमा ऐन २०७९ मा रहेको छ। कोषमा नेपाल सरकारबाट प्राप्त रकम, प्राधिकरणलाई बीमकबाट प्राप्त हुने लघुबीमा नियमन शुल्कको ५० प्रतिशतले हुन आउने रकम, प्राधिकरणलाई बीमकबाट प्राप्त हुने नियमन शुल्कको कम्तीमा ३३ प्रतिशतले हुन आउने रकम र अन्य स्रोतबाट प्राप्त रकम रहने कानूनी व्यवस्था गरिएको छ।

६. नेपाल बीमा प्राधिकरण अन्तर्गत एक बीमित हित संरक्षण कोष रहने व्यवस्था ऐनले गरेको छ। कोषमा प्राधिकरणले सो प्रयोजनका लागि छुट्याएको रकम, जीवन बीमा व्यवसाय गर्ने बीमकबाट प्राधिकरणले तोकेको रकम र जीवन बीमालेख अन्तर्गत भुक्तानी गर्नुपर्ने अवस्था परी भुक्तानी हुन नसकी दाबी नभएको (अनक्लेम फण्ड) मा जम्मा भएको रकम रहने व्यवस्था ऐनमा रहेको छ।

### बीमकहरूको मर्जर

७. बीमक गाभ्न वा गाभिन सक्ने, बीमा व्यवसाय हस्तान्तरण गर्न सक्ने, नेपाल बीमा प्राधिकरणले बीमकलाई गाभ्न वा गाभिन निर्देशन दिनसक्ने, बीमकले अर्को बीमक प्राप्ति गर्न सक्ने, कुनै बीमकले कानून विपरित काम गरेमा त्यस्तो बीमकको इजाजतपत्र निलम्बन गर्न वा व्यवसाय गर्न रोक लगाउन र इजाजतपत्र खारेज गर्न सक्नेसम्मका अधिकार प्राधिकरणमा रहेको छ।

८. प्राधिकरणले समय समयमा चुक्ता पूँजी निर्धारण गरे बमोजिम बीमकले चुक्ता पूँजी कायम गर्नुपर्ने व्यवस्था रहेको छ।

९. बीमकले कायम गर्नुपर्ने न्यूनतम चुक्ता पूँजी तथा पूँजीकोष कायम गर्न नसकेको लगायतका समस्याहरू देखिएमा प्राधिकरणले बीमितको हक हित संरक्षणका लागि त्यस्तो बीमकलाई समस्याग्रस्त घोषणा गर्नसक्ने र विशेष व्यवस्थापन समूह गठन गरी बीमकको संचालन तथा व्यवस्थापन सम्बन्धी कार्य अघि बढाउन सक्ने कानूनी व्यवस्था रहेको छ।

### बीमा सूचना केन्द्र र बीमा सम्बन्धी प्रतिष्ठान

१०.प्राधिकरणले बीमा क्षेत्रका सूचना सङ्कलन गरी व्यवस्थित गर्नका लागि बीमा सूचना केन्द्र स्थापना गर्नसक्ने, बीमा व्यवसायमा हुनसक्ने जालसाजी, कीर्ते वा ठगी सम्बन्धी दाबीहरूको अध्ययन अनुसन्धानका लागि विज्ञ समूह गठन गर्नसक्ने, बीमासम्बन्धी तालिम, अध्ययन अनुसन्धानका लागि बीमा सम्बन्धी प्रतिष्ठान स्थापना गर्नसक्ने व्यवस्था बीमा ऐन, २०७९ ले गरेको छ।

११.प्राधिकरणको पूर्व स्वीकृति लिएर बीमकले नेपालभित्र वा विदेशमा शाखा कार्यालय खोल्नसक्ने कानूनी व्यवस्था गरिएको छ।

### इन्स्योरेन्स फण्ड र महाविपत्ति कोष

१२.बीमकले प्राधिकरणले निर्धारण गरे बमोजिमको मात्रा र अनुपातमा बीमा कोष (इन्स्योरेन्स फण्ड) को व्यवस्था गर्नुपर्नेछ। साथै, बीमकले बीमा व्यवसाय सम्बन्धी दायित्व बहन गर्न छुट्टै एक अनिवार्य जगेडा कोष समेत कायम गर्नुपर्ने व्यवस्था ऐनमा रहेको छ।

१३.बीमकले महाविपत्तिको कारणबाट भविष्यमा आइपर्ने क्षति व्यहोर्नका लागि छुट्टै एक महाविपत्ति कोष राख्नुपर्ने र दाबी भुक्तानी कोष तथा जगेडा समेत खडा गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

१४.बीमकको कूल सम्पत्ति कूल दायित्वभन्दा बढी हुनुपर्ने र कूल जारी पूँजीको कम्तीमा ३० प्रतिशत शेयर सर्वसाधारणलाई बिक्री गर्नका लागि छुट्याउनुपर्ने कानूनी व्यवस्था रहेको छ।

### लघुबीमा व्यवसाय

१५.प्रत्येक बीमकले न्यून आय भएका बर्ग तथा पिछडिएका क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्नुपर्ने, लघुबीमा मात्र गर्ने प्रयोजनका लागि बीमा कम्पनी खोल्न सकिने र लघुबीमाको नियमनकारी सेवा प्राप्त गर्न प्रत्येक बीमकले आर्जन गरेको कूल बीमा शुल्कको ०.५ प्रतिशतका दरले नियमन शुल्क प्राधिकरणमा बुझाउनु पर्ने व्यवस्था ऐनले गरेको छ।

१६.इजाजतप्राप्त बीमक बाहेक अन्य कसैसँग बीमा व्यवसाय सम्बन्धी कारोबार गर्न नपाउने कानूनी व्यवस्था रहेको छ।

### प्रतिवेदन पेश

१७.नेपाल बीमा प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नेपाल सरकार समक्ष प्रतिवेदन पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।



## नेपाल बीमा प्राधिकरणको मधेश प्रदेश कार्यालय उद्घाटन

# "न्यून आय भएका बर्गलाई बीमाको दायरामा ल्याउन विशेष व्यवस्था गर्न आग्रह"



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल प्रदेश कार्यालयको उद्घाटन गर्नुहुँदै।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले मधेश प्रदेशको वीरगञ्जमा स्थापना गरिएको प्राधिकरणको मधेश प्रदेश कार्यालयको यही २०७९ साल मङ्सीर २६ गते उद्घाटन गर्नुभएको छ।

यसअघि, सुदूरपश्चिम प्रदेशको धनगढी र कर्णाली प्रदेशको सुर्खेतमा स्थापना गरिएका प्राधिकरणका प्रदेश कार्यालयहरूको उद्घाटन भइसकेको छ। यससँगै नेपाल बीमा प्राधिकरणका तीनवटा प्रादेशिक कार्यालयहरू संचालनमा आई कार्य गर्दै आएका छन्। प्राधिकरणका प्रदेश कार्यालयहरूबाट बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू संचालनका साथै बीमा दाबी भुक्तानी तथा गुनासो व्यवस्थापन, बीमकको अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण, बीमाको दायरा विस्तारका लागि प्रदेश सरकार र स्थानीय सरकारसँग समन्वय लगायतका कार्य सम्पादन हुनेछन्।

प्राधिकरणको मधेश प्रदेश कार्यालयको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले न्यून आय भएका बर्ग र पिछडिएका क्षेत्रलाई लक्षित गरी लघुबीमा व्यवसाय गर्न अनुमति दिइएका लघुबीमा कम्पनीहरूले केही महिनाभित्रै काम शुरू गर्ने बताउनुभयो।

अध्यक्ष सिलवालले पालिकाहरूले बजेट तर्जुमा गर्दा नै बीमाको प्रवर्द्धन एवम् पहुँच विस्तारका लागि व्यवस्था गर्नु उपयुक्त हुने बताउनुहुँदै पालिकाका कामहरूसँग आवद्ध गरेर अनिवार्यरूपमा घर तथा सम्पत्तिको बीमा गर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो।

अध्यक्ष सिलवालले ग्रामीण क्षेत्रका मात्र नभई शहरी क्षेत्रका न्यून आय भएका बर्गलाई समेत बीमाको दायरामा ल्याउन पालिकाहरूले विशेष व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रममा बीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले बीमा कम्पनीहरू शहरी क्षेत्रमा भन्दा पनि ग्रामीण क्षेत्रमा केन्द्रित हुनुपर्ने र हरेक किसानसम्म बीमाको पहुँच पुग्नुपर्नेमा जोड दिनुभयो।

प्रमुख सिंहले बीमा कम्पनीहरूले बीमाको दाबी भुक्तानीका लागि अनावश्यक कागजात माग्ने, झुलाउने र समयमा दाबी भुक्तानी नदिने जस्ता गुनासाहरू आउने गरेको उल्लेख गर्नुहुँदै बीमाप्रतिको विश्वास बढाउनका लागि समयमैं दाबी भुक्तानी हुनुपर्ने बताउनुभयो।

बीरगञ्ज उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष अनिल कुमार अग्रवालले बीमा कम्पनीहरूले बीमाको दाबी भुक्तानी दिने बेलामा अनावश्यक कागजातहरू मागेर हैरान पार्ने गरेको गुनासो गर्नुभयो।

नेपाल जीवन बीमक संघका अध्यक्ष पोषकराज पौडेलले नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूलाई बीमा दाबी भुक्तानी छिटोछरितो रूपमा दिन निर्देशन दिँदै आए अनुरूप बीमा दाबी भुक्तानी सामान्यीकरण हुँदै गएको बताउनुभयो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले यही २०७९ साल असार मसान्तसम्ममा मधेश प्रदेशमा म्यादी जीवन बीमालेख समेत गरी ९.२० प्रतिशत जनसङ्ख्या बीमाको दायरामा आएको र निर्जीवन बीमातर्फ ६.७५ प्रतिशत मात्र कृषि तथा बाली बीमा रहेको पाइएको जानकारी दिनुभयो।

कार्यकारी निर्देशक पौडेलले मधेश प्रदेशमा जीवन बीमाका साथै निर्जीवन बीमा अन्तर्गत कृषि, पशुपन्छी तथा जडिबूटी बीमाको पहुँच विस्तारमा जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले गर्नुभएको थियो।

कार्यक्रममा बीरगञ्ज महानगरपालिकाका उपप्रमुख, विभिन्न नगरपालिकाका प्रमुख तथा उपप्रमुख, उद्योगी व्यवसायीहरू, नेपाल राष्ट्र बैंकका पदाधिकारी, नेपाल बीमक संघका प्रतिनिधि, विभिन्न सरकारी निकायका पदाधिकारी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, बीमा सर्भेयर, बीमा अभिकर्ता र संचारकर्मीहरू लगायतको उपस्थिति रहेको थियो।




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै।

## goAML सफ्टवेयर कार्यान्वयन सम्बन्धी अन्तरक्रिया

# शंकास्पद कारोवारका बारेमा FIU लाई जानकारी दिन बीमकहरूलाई अध्यक्ष सिलवालको निर्देशन




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०७९ साल पुस १३ गते काठमाडौंमा सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापबाट हुनसक्ने वित्तीय लगानी विरूद्धको अन्तर्राष्ट्रिय सफ्टवेयर goAML बीमा कम्पनीहरूमा कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

बीमा क्षेत्रमा हुनसक्ने शङ्कास्पद लगानी नियन्त्रण गर्नका लागि सबै बीमा कम्पनीहरूले goAML सफ्टवेयर कार्यान्वयनमा ल्याई सङ्कास्पद कारोवारहरूका बारेमा वित्तीय जानकारी इकाई (FIU) मा पठाउनुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा जोड दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रमा शङ्कास्पद कारोवार नियन्त्रणका लागि तर्कबितर्क नगरी त्यसको गम्भीरतालाई बुझेर कानून बमोजिम काम गर्न बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूलाई निर्देशन दिनुभयो।

अध्यक्ष सिलवालले बीमा क्षेत्रमा शङ्कास्पद कारोवार हुन नदिनका लागि वित्तीय जोखिमाङ्कनमा सुधार गर्न, लक्ष्यमा मात्र जोड नदिई गुणस्तरीय कारोवार गर्न, शङ्कास्पद लगानीका बारेमा जानकारी दिने कार्यमा परिपालन अधिकृतको मात्र भर नपरी प्रमुख कार्यकारी अधिकृत स्वयम् जवाफदेही बन्न र आम्दानीको कम्तीमा पनि २ प्रतिशत रकम कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि छुट्याई कर्मचारीमा विज्ञता विकास गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो।

नेपाल राष्ट्र बैंक, वित्तीय जानकारी इकाई (FIU) का प्रमुख दीर्घ बहादुर रावलले कानूनी र आर्थिकरूपले उद्देश्य स्पष्ट नभएका लगानी जोखिमयुक्त हुने भएकाले बीमा कम्पनीहरूले त्यसतर्फ ध्यान दिनुपर्ने र कारोवारमा शङ्का लाग्ने वित्तिकै वित्तीय जानकारी इकाईमा जानकारी दिनुपर्ने बताउनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक हृदयेश्वर पण्डितले बीमा क्षेत्रमा शङ्कास्पद लगानी भित्रिन नदिनका लागि बीमा कम्पनीहरूले गर्नुपर्ने कार्यहरू सम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशकहरू सुशील देव सुवेदी, पूजन ढुङ्गेल (अधिकारी) र दिनेश कुमार लाल तथा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो।



अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।



## बीमा दाबी भुक्तानी सम्बन्धी अन्तरक्रिया

# दाबी भुक्तानी छिटो दिएर बीमाप्रतिको अविश्वासलाई विश्वासमा बदल्नुपर्छः अध्यक्ष सिलवाल




नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले सबै प्रदेशमा शाखा कार्यालय खोल्न, शाखा कार्यालयलाई अधिकार प्रत्यायोजन गर्न र बीमा दाबी भुक्तानी पनि शाखा कार्यालयहरूबाटै हुने व्यवस्था गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभएको छ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०७९ साल पुस २६ गते मंगलबार काठमाडौंमा भएको निर्जीवन बीमा कम्पनीहरूसँगको बीमा दाबी भुक्तानी सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा कम्पनीहरूले साना बीमा दाबी भुक्तानीका लागि न्यूनतम कति कागजात चाहिन्छ त्यसको यकीन गरी छिटो दाबी भुक्तानी दिनुपर्ने र त्यसका बारेमा सार्वजनिक रुपमा जानकारी गराउनुपर्ने बताउनुभयो।

अध्यक्ष सिलवालले भन्नुभयो, “बीमाको दाबी भुक्तानी र जोखिमांकनमा समस्या छ। बीमा कम्पनी सकेसम्म दाबी भुक्तानी दिन चाहँदैनन् भन्ने गुनासा आएका छन्। कम्पनीहरूले बीमाको पुनर्बीमा नगराएको र क्षमताभन्दा बढी बीमा गरेका कारण दाबी भुक्तानी रोकिएको भन्ने कुरा आएको छ। अब त्यसका बारेमा सोच्नुपर्ने अवस्था सिर्जना भएको छ।”

बीमा दाबी भुक्तानी बीमा कम्पनीको दक्षताको सूचक भएको उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, “एउटा घटनालाई उदाहरण दिएर बीमा दाबी भुक्तानीमा ढिलो गर्नहुँदैन। बीमितले विश्वास गरेजस्तै कम्पनीले पनि बीमितलाई विश्वास गर्नुपर्छ। दाबी भुक्तानी छिटो दिएर बीमाप्रतिको अविश्वासलाई विस्तारै विश्वासमा बदल्नुपर्छ। बीमा व्यवसाय बढाउने बाटोमा अगाडि बढ्नुपर्छ।”

नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले समयमै बीमा दाबी भुक्तानी पाउँदा बीमितमा जति खुशी हुन्छ, ढिलो हुँदा त्यति हुँदैन भन्नुहुँदै छिटो छरितो माध्यमबाट बीमा दाबी भुक्तानी दिन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक विरोध भट्टले बीमा दाबी भुक्तानी सम्बन्धी कानूनी व्यवस्था र प्राधिकरणको कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले कर्णाली प्रदेशमा निर्जीवन बीमाको पहुँच, समस्या र समाधानका उपाय सम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

छलफलमा बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत र दाबी भुक्तानी विभागका प्रमुखहरूले समयमा नै सर्भे प्रतिवेदन नआउने, सर्भेयरले दाबी भुक्तानीका बारेमा स्पष्ट उल्लेख नगर्ने, ताकेता गर्दा पनि समयमा नै बीमितले कागजात नबुझाउने, साना बीमा दाबीमा आवश्यक कागजात नपुग्ने, कतिपय सर्भेयरबाट सही मूल्यांकन नहुने लगायतका गुनासा गर्नुभएको थियो। साथै, उहाँहरूले व्यवसाय बढेसँगै बीमा दाबी भुक्तानी नभएको संख्या बढेको हुनसक्ने, बीमितका लागि पनि कागजागत बुझाउने मिति तोकिनुपर्ने, सर्भे रिपोर्टमा एकरुपता ल्याउनुपर्ने र सर्भेयरहरूको पनि अनुगमन गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक पूजन ढुंगेल (अधिकारी), नेपाल बीमक संघका अध्यक्ष चंकी क्षेत्री, निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा दाबी भुक्तानी विभागका प्रमुख र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका निर्देशक दिनेश कुमार लालले गर्नुभएको थियो।

# जलविद्युत लगायत सरकारबाट स्वीकृतिप्राप्त क्षेत्रमा बीमकहरूले लगानी गर्न बाटो खुलेको छः अध्यक्ष सिलवाल



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा नाफिजका पदाधिकारीहरू।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले जनताको हितका लागि पालिकाहरूले सेवासँग आवद्ध गरेर सबैले बीमा गर्नैपर्ने बाध्यात्मक व्यवस्था गर्नुपर्ने बताउनुभएको छ।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) को कार्यसमितिका नवनिर्वाचित पदाधिकारीहरूको स्वागतमा नेपाल बीमा प्राधिकरणको कुपण्डोलस्थित कार्यालयमा यही २०७९ साल पुस १८ गते आयोजित स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले पालिकाहरूले बजेटको १० प्रतिशत बीमाका लागि छुट्याउनुपर्ने बताउनुभयो।

अध्यक्ष सिलवालले भन्नुभयो, "हाल बीमाक्षेत्रमा धेरै परिवर्तन आएका छन्। सरकार, प्रदेश सरकार र स्थानीय सरकारले बीमाका बारेमा बुझ्दै गएका छन्। राष्ट्रिय बीमा नीति कार्यान्वयमा आएपछि सरकारका लागि समेत बीमा बाध्यकारी बन्छ। प्रदेश र पालिकाहरूले पनि बीमा सम्बन्धी जनचेतना अभिवृद्धिमा जोड दिनुपर्छ। यसबाट हामी खोजिरहेको गन्तव्यमा पुग्नसक्छौ।"

"सरकारले आफ्नो जिम्मेवारी बाहेकका आर्थिक जोखिम बीमा मार्फत बीमा कम्पनीहरूमा हस्तान्तरण गर्नुपर्छ। सबै सरकारी सम्पत्तिको बीमा हुनुपर्छ", अध्यक्ष सिलवालले भन्नुभयो "प्राधिकरणले बीमा क्षेत्रको लगानी विविधीकरणका लागि निर्देशिकाहरू जारी गरेको छ। यसबाट जलविद्युत लगायत सरकारबाट स्वीकृतिप्राप्त क्षेत्रमा बीमा कम्पनीहरूले लगानी गर्ने बाटो खुलेको छ। कम्पनीहरूले सहायक कम्पनी बनाएर पनि लगानी गर्नसक्ने व्यवस्था गरिएको छ।"

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेलले चालू आर्थिक वर्षको गत मङ्सीर मसान्तसम्ममा बीमाको दायरामा आउने जनसङ्ख्या (म्यादि, लघुम्यादी र वैदेशिक रोजगार बीमालेख समेत) बढेर ४४ प्रतिशत पुगेको जानकारी दिनुभयो।

कार्यकारी निर्देशक पौडेलले चालू आर्थिक वर्षको मङ्सीर मसान्तसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा जीवन बीमाशुल्क सङ्कलन २.३९ प्रतिशत र निर्जीवन बीमाशुल्क सङ्कलन ३.५८ प्रतिशतले वृद्धि भई कूल बीमाशुल्क संकलन २.६४ प्रतिशतले वृद्धि भएको बताउनुभयो।

नेपाल आर्थिक पत्रकार संघ (नाफिज) का अध्यक्ष मोदनाथ ढकालले आर्थिक पत्रकारहरूको क्षमता अभिवृद्धिका साथै बीमासम्बन्धी अध्ययन, अनुसन्धान र जनचेतना अभिवृद्धिका विषयमा प्राधिकरण र नाफिजबीच नियमितरूपमा सहकार्य हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मी र निर्देशक पूजन ढुङ्गेल (अधिकारी) तथा नाफिजको नवनिर्वाचित कार्यसमितिका पदाधिकारीहरूको सहभागिता रहेको थियो।



अध्यक्ष सिलवालबाट सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीको उद्घाटन

# बीमा व्यवसाय र बीमा शिक्षालाई सँगसँगै अघि बढाउन अध्यक्ष सिलवालबाट निर्देशन



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष केशव प्रसाद भट्टराईलाई बीमक प्रमाणपत्र प्रदान गर्नुहुँदै।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले दुईवटा जीवन बीमा कम्पनी मर्जर भई बनेको सूर्यज्योति लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेडको उद्घाटन गर्नुभएको छ।

अध्यक्ष सिलवालले सूर्या लाइफ इन्स्यारेन्स कम्पनी र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी मर्जर भई बनेको सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको यही २०७९ साल पुस ११ गते काठमाडौंमा एक कार्यक्रमका बीच उद्घाटन गर्नुभएको हो।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले सूर्या लाइफ इन्स्योरेन्स र ज्योति लाइफ इन्स्योरेन्सको मर्जरको सफलताबाट अन्य बीमा कम्पनीहरूलाई पनि स्वत:स्फूर्तरूपमा मर्जर हुन प्रोत्साहन मिल्ने बताउनुभयो।

अध्यक्ष सिलवालले भन्नुभयो, "प्राधिकरणले बीमा कम्पनीहरूलाई मर्जरका लागि दिएको एक वर्षको समय पर्याप्त छ। कम्पनीहरूलाई सहयोग र समर्थन गर्न प्राधिकरण सदैव खुला छ। अरू कम्पनीहरूले पनि विनाढिलाई मर्जरको काम अगाडि बढाउनेछन् भन्ने विश्वास प्राधिकरणले लिएको छ।"


बीमा कम्पनीहरू मर्जरमा गएपछि नवीनतम् प्रविधिमा लगानी गर्न र कर्मचारीहरूको क्षमता अभिवृद्धिमा लगानी गर्न सहज हुने उल्लेख गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा व्यवसाय र बीमा सचेतनालाई सँगसँगै अगाडि बढाउन र बीमाप्रतिको विश्वसनीयता बढ्ने गरी व्यवहार गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो।

अध्यक्ष सिलवालले बीमा कम्पनीलाई समयानुकूल मोडिफाई गर्न, डिजिटलरूपमा सेवा दिने व्यवस्था गर्न, १० वर्षको दीर्घकालीन योजना बनाउन र तोकिएको अवधिभै बीमा दाबी भुक्तानी गर्न पनि निर्देशन दिनुभयो।

कार्यक्रममा सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराई तथा प्रमुख कार्यकारी अधिकृत प्रकाश विक्रम खत्री, नेपाल बीमक संघका अध्यक्ष चंकी क्षेत्री, नेपाल जीवन बीमक संघका अध्यक्ष पोषकराज पौडेल र कम्पनीका सद्भावना दूत राजेश हमालले मन्तव्य व्यक्त गर्नुभएको थियो।

# नेपाल बीमा प्राधिकरणको प्रादेशिक कार्यालय

| प्रदेश | कार्यालय |
|---|---|
| प्रदेश १ | विराटनगर म.न.पा.-२, मोरङ |
| मधेश प्रदेश | आदर्शनगर न.पा.-१०, बीरगञ्ज |
| गण्डकी प्रदेश | पोखरा म.न.पा.-१२, अमरसिंह चोक |
| लुम्बिनी प्रदेश | बुटवल उ.म.न.पा.-११, कालिकानगर |
| कर्णाली प्रदेश | बीरेन्द्रनगर न.पा.-८, सुर्खेत |
| सुदुरपश्चिम प्रदेश | धनगढी उ.म.न.पा.-१, कैलाली |




## बीमा कम्पनी संख्या

| जीवन | निर्जीवन | पुनर्बीमा |
|---|---|---|
| १८ | १८ | २ |


आ.व. २०७८/७९ को विवरणको आधारमा

| | | |
|---|---|---|
| कुल ग्राहस्थ उत्पादनमा कुल बीमाशुल्कको अनुपात | जीवन बीमा | २.८६ % |
| | निर्जीवन बीमा | ०.८१ % |
| | जम्मा | ३.६७ % |
| बीमा घनत्व | जीवन बीमा | रु. ४,५७३.७१ प्रतिव्यक्ति |
| | निर्जीवन बीमा | रु. १,२९२.२१ प्रतिव्यक्ति |
| | जम्मा | रु. ५,८६५.९१ प्रतिव्यक्ति |


| | |
|---|---|
| बीमा क्षेत्रमा प्रत्यक्ष रोजगारी | १२,०३१ जना |
| बीमा अभिकर्ता संख्या | २९६,४०३ |
| बीमा सर्भेयर | १,२४० जना |

आ.व. २०७९/८० मंसिर महिनासम्मको विवरणको आधारमा

### जीवन बीमाको पहुँच (४३.८९%)




### कुल बीमाशुल्क संकलन (रू. ७५अर्ब ४९ करोड)



बीमा दाबी भुक्तानी सम्बन्धी अन्तरक्रिया

## प्रदेश तथा शाखा कार्यालयहरूलाई पर्याप्त अधिकार प्रत्यायोजन गर्न बीमकलाई निर्देशन



नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेलका साथमा कार्यक्रममा सहभागीहरू।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०७९ साल मङ्सीर २६ गते बीरगञ्जमा बीमा सम्बन्धी समसामयिक विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रमा देखिएका धेरैजसो समस्याहरू बीमा ऐन, २०७९ बाट नै सम्बोधन हुने उल्लेख गर्नुहुँदै ऐनले नेपाल बीमा प्राधिकरणलाई बढी स्वायत्तता प्रदान गरेकाले अब बीमा सम्बन्धी सबै विषयमा प्राधिकरण स्वायत्तताको अभ्यास गर्दै अघि बढ्ने बताउनुभयो।

अध्यक्ष सिलवालले बीमा कम्पनीहरूलाई प्रदेश तथा शाखा कार्यालयहरूलाई पर्याप्त अधिकार प्रत्यायोजन गर्न, बीमा दाबी भुक्तानी समेत प्रदेश तथा शाखा कार्यालयबाट नै गर्ने व्यवस्था गर्न, कार्यालयहरूलाई सुविधा सम्पन्न बनाउन र कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गर्न निर्देशन दिनुभयो।

अध्यक्ष सिलवालले प्राधिकरणका प्रदेश कार्यालयहरूबाट बीमकको अनुगमन, निरीक्षण तथा नियमनका साथै प्राधिकरणबाट हुने अधिकाङ्श कार्य हुने भएकाले काम छिटोछरितो हुनुका साथै सेवाग्राहीको समय समेत बचत हुने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा सहभागीहरूले जीवन बीमा अन्तर्गत बालबालिकाको बीमा गर्दा समस्या देखिएकाले जीवन बीमालेख निर्देशिका, २०७८ संशोधन गर्नुपर्ने, बैंकहरूले मुद्दती खातामा लगानी गरेपछि मात्र बीमा व्यवसाय बीमकलाई दिने परिपाटीले गर्दा बीमा व्यवसायमा अस्वस्थ प्रतिस्पर्धा निम्त्याएको, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयहरूलाई पर्याप्त अधिकार प्रत्यायोजन नभएको, बीमा अभिकर्ताहरूका लागि तालिमको व्यवस्था नभएको, सरकारी निकायहरूले बीमा प्रयोजनका लागि कागजात दिन आनाकानी गर्ने गरेको, कृषि बीमाको सिफारिश लिँदा झण्झट व्यहोर्नु परेको लगायतका समस्या एवम् गुनासाहरू राख्नु भएको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशक पुजन ढुङ्गेल (अधिकारी) तथा प्राधिकरणको मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्मा, जीवन बीमक संघका अध्यक्ष पोषकराज पौडेल, नेपाल इन्स्योरेन्स प्रोफेसनल्स सोसाइटीका पदाधिकारी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो।



# प्रदेश कार्यालयहरूका गतिविधि

### मधेश प्रदेशमा बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम

## एक-दुईवटा गाई भैंसी, कच्ची घर र दुई-चारवटा आँपका रूखको पनि बीमा गर्न तयार




ठोरी गाउँपालिकामा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।

नेपाल बीमा प्राधिकरणको मधेश प्रदेश कार्यालयको आयोजनामा मधेश प्रदेशका बारा, सर्लाही, धनुषा र पर्सा जिल्लामा बीमासम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरिएको छ।

बारा जिल्लाको बिश्रामपुर गाउँपालिकामा यही २०७९ साल पुस ११ गते भएको कार्यक्रममा कृषकहरूले कृषिबाली, गाई, भैंसी र घरको बीमा हुन्छ र बीमा गरेपछि आर्थिक नोक्सानीबाट सुरक्षित हुनसकिन्छ भन्नेबारेमा यसअघि आफूहरूलाई थाहा नभएको बताउनुभयो।

कार्यक्रमबाट जीवन र निर्जीवन बीमाका बारेमा धेरै जानकारी पाएको र अब आफूहरू बीमा गर्न इच्छुक रहेको भन्दै सहभागीहरूले गाउँमा नै बीमा गर्न पाउने व्यवस्था गर्न प्राधिकरणसँग आग्रह गर्नुभयो। विश्रामपुर गाउँपालिकाका उपाध्यक्ष प्रियंका देवीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राकेश ओझाले बीमा मार्फत विपद्का बेला गाउँपालिकालाई पर्ने आर्थिक भार कम गर्न सकिने भएकाले बढीभन्दा बढी व्यक्ति र व्यक्तिका सम्पत्तिको बीमा गर्नका लागि कार्यक्रमहरू ल्याउने जानकारी दिनुभयो।

सर्लाही जिल्लाको चक्रघट्टा गाउँपालिकामा यही २०७९ साल पुस १२ गते आयोजित कार्यक्रममा सहभागीहरूले बीमा गरेपछि आर्थिक नोक्सानीबाट सुरक्षित हुने कुराका कार्यक्रमबाट जानकारी पाएको र अब आफूहरू एक दुईवटा गाई, भैंसी, कच्ची घर र दुई चारवटा आँपका रूखको समेत बीमा गर्न तयार रहेको बताउनुभयो। साथै, उहाँहरूले बीमा कम्पनीहरू गाउँमा नआएको, आफूले चाहेको समयमा बीमा गर्न नपाएको र गरेको बीमाको पनि दाबी पाउन अनावश्यक झन्झट व्यहोर्नुपरेको गुनासो गर्नुभयो। कार्यक्रममा प्रमुख अतिथि चक्रघट्टा गाउँपालिकाका अध्यक्ष कुष्णकुमार यादवले पालिकाभित्रका घरहरूको बीमा गर्नुपर्ने सम्बन्धमा आगामी गाउँपरिषद्को बैठकमा प्रस्ताव लैजाने प्रतिवद्धता व्यक्त गर्नुभयो।

धनुषा जिल्लाको गणेशमान चारनाथ नगरपालिकामा यही २०७९ साल पुस १४ गते आयोजित कार्यक्रममा सहभागीहरूले गाउँ गाउँमा पुगेर बीमाका बारेमा जानकारी दिने, गाउँमै कृषिबाली, पशुपन्छी र आँपका बोटको बीमा गर्न पाउने तथा स्थानीयस्तरमै बीमा दाबी भुक्तानी हुने व्यवस्था गर्न आग्रह गर्नुभयो।

कार्यक्रमका प्रमुख अतिथि गणेशमान चारनाथ नगरपालिकाका उपप्रमुख तुलसा कुमारी पाण्डेले जनप्रतिनिधिहरूले आफ्ना परिवारले लगाएका कृषिबाली, पशुपन्छी र घरको बीमा गरेर उदाहरणीय बन्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

पर्सा जिल्लाको ठोरी गाउँपालिकामा यही २०७९ साल पुस ८ गते आयोजित कार्यक्रममा सहभागी कृषकहरूले कृषिबाली तथा पशुपन्छीको पनि बीमा हुने र बीमा गरेपछि आर्थिक नोक्सानीबाट सुरक्षित हुन्छ भन्ने विषयमा जानकारी दिएकोमा नेपाल बीमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो। साथै, उहाँहरूले कृषि, पशुपन्छी तथा जडिबूटी बीमा गर्न आफूहरू तयार रहेको र त्यसका लागि बीमा कम्पनीहरू गाउँ गाउँमा आउनुपर्ने बताउनुभयो।

कार्यक्रमका प्रमुख अतिथि ठोरी गाउँपालिकाका अध्यक्ष लाल बहादुर श्रेष्ठले दुई चार हजार रूपियाँ खर्च गरेर बीमा गरेपछि लाखौं रूपियाँको आर्थिक क्षतिबाट सुरक्षा पाउन सकिने भएकाले वडा अध्यक्ष र वडा सदस्यहरूले आ–आफ्ना वडाका टोल टोलमा गएर नागरिकहरूलाई बीमा सम्बन्धी जानकारी दिनुपर्ने बताउनुभयो।



बिश्रामपुर गा.पा.मा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।

पर्सा जिल्लाको बिन्दबासिनी गाउँपालिकामा यही पुस २४ गते आयोजित कार्यक्रममा सहभागीहरूले जग्गाधनी एक व्यक्ति र जग्गा भाडामा लिएर खेती गर्ने अर्को व्यक्ति भएको अवस्थामा कृषि बीमा दाबी जग्गाधनीले नभई कृषिबाली लगाउने व्यक्तिले नै पाउने व्यवस्था गर्न, सरकारी निकायमा धानको बीऊ सूचिकृत नभएको सोना मनसुली धानको पनि बीमा गर्न पाउने व्यवस्था गर्न, कृषि प्राविधिकहरू सहजरुपमा उपलब्ध हुने व्यवस्था गर्न र कृषहरूलाई गाउँ गाउँमा नै बीमा सम्बन्धी जानकारी दिने व्यवस्था गर्न आग्रह गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि बिन्दबासिनी गाउँपालिकाका अध्यक्ष प्रमोद तिवारीले गाउँ गाउँमा गएर सबैलाई बीमाका बारेमा जानकारी दिने दायित्व निर्वाचित जनप्रतिनिधिहरूको भएको उल्लेख गर्नुहुँदै बीमा गरेपछि हानी नोक्सानी भएमा बीमा कम्पनीबाट क्षतिपूर्ति प्राप्त हुने र त्यसबाट आर्थिक अभाव पूरा गर्न सहयोग पुग्ने भएकाले सबैलाई बीमा गर्न आग्रह गर्नुभयो।

ती कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले बीमा सम्बन्धी प्रस्तुती गर्नुका साथै बीमा सम्बन्धी कार्यक्रम तर्जूमा तथा जनचेतना अभिवृद्धिका कार्यमा पालिकाहरूलाई आवश्यक सहयोग गर्न प्राधिकरण तयार रहेको बताउनुभएको थियो।

नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक टेकराज पाण्डेयले संचालन गर्नुभएका ती कार्यक्रमहरूमा सम्बन्धित पालिकाहरूका वडा अध्यक्ष, कार्यपालिका सदस्य, वडा सदस्य र कर्मचारीहरू तथा जिल्लास्थित बीमा कम्पनी र बैंक तथा वित्तीय संस्थाका शाखा कार्यालयहरूका प्रतिनिधि, महिला समूहका प्रतिनिधि, कृषक र संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।

## बीरगञ्जमा बीमा सर्भेयरहरूसँग अन्तरक्रिया

# क्षति भएको जानकारी हुनासाथ सर्भेयरलाई खटाउन बीमकसँग आग्रह




अन्तरक्रिया कार्यक्रममा सहभागी बीमा सर्भेयरहरू।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०७९ साल मङ्सीर २८ गते बीरगञ्जमा बीमा सर्भेयरहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। बीमासर्भेयरको कामलाई छिटोछरितो बनाउने तथा सर्भेयरका समस्याहरूका बारेमा छलफल गरी समाधानका उपाय पहिचान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा सहभागी बीमा सर्भेयरहरूले बीमाकम्पनीहरूले बीमा गराउँदा बीमितलाई बीमालेखका बारेमा राम्रोसँग जानकारी दिनुपर्ने, सर्भेयरलाई क्षेत्र छुट्याएर काम दिने व्यवस्था गर्नुपर्ने, बीमितलाई समयमै बीमा दाबी भुक्तानी गर्नुपर्ने, क्षति भएको जानकारी पाउनासाथ सर्भेयरलाई खटाउनुपर्ने, सर्भेयरले दिएको अनलाइन रिपोर्टलाई मान्यता दिनुपर्ने, सर्भेयरका लागि तालिमको व्यवस्था गर्नुपर्ने र सर्भेयरलाई समयमा नै पारिश्रमिक दिनुपर्ने लगायतका धारणा राख्नुभएको थियो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख कुसुम शर्माले बीमा सर्भेयरले आफ्नो पेशालाई मर्यादित र व्यवस्थित बनाउँदै लैजानुपर्ने र क्षति मूल्याङ्कन प्रतिवेदन समयमा नै उपलब्ध गराउनुपर्ने बताउनुभयो।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक टेकराज पाण्डेयले संचालन गर्नुभएको कार्यक्रममा बीमा सर्भेयर सुनिल जोशीले सर्भेयर पेशालाई मर्यादित र व्यवस्थित तुल्याउनका लागि बीमकले सर्भेयरप्रति हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्ने तथा समयमानै सर्भेयरलाई पारिश्रमिक दिनुपर्ने बताउनुभएको थियो। कार्यक्रममा बीमा सर्भेयरहरूको सहभागिता रहेको थियो।

## लुम्बिनी प्रदेशमा बीमा सचेतना कार्यक्रम

# बीमा सम्बन्धी कुनै समस्या वा गुनासा भए प्राधिकरणलाई जानकारी दिन आग्रह



कपीलवस्तुमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।

नेपाल बीमा प्राधिकरणको आयोजनामा लुम्बिनी प्रदेशका कपिलवस्तु जिल्लाको कपिलवस्तु नगरपालिका र बाँके जिल्लाको राप्ती सोनाही गाउँपालिकामा बीमा सचेतना कार्यक्रम आयोजना गरिएको छ।

**कपिलवस्तु नगरपालिका**मा यही २०७९ साल पुस २० गते भएको कार्यक्रममा नगरपालिकाका प्रमुख, वडा अध्यक्ष तथा सदस्य र कर्मचारी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरू लगायत गरी ९० जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा प्रमुख अतिथि कपिलवस्तु नगरपालिकाका प्रमुख सुदिप पौडेलले नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी कृषि र पशुपन्छी बीमाको दायरा विस्तार पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

यसैगरी, **राप्ती सोनाही गाउँपालिका**मा यही २०७९ साल पुस १९ गते भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कर्मचारी, बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख लगायत गरी करिव ७० जनाको सहभागिता रहेको थियो।

कार्यक्रममा राप्ती गाउँपालिकाका अध्यक्ष तप्त बहादुर पौडेलले कृषि तथा पशुपन्छी बीमामा सरकारले प्रदान गर्दै आएको ८० प्रतिशत अनुदानमा बाँकी २० प्रतिशत अनुदान थप गरी कृषि तथा पशुपन्छी बीमा गर्न कृषहरूलाई प्रोत्साहित गरिएको बताउनुभयो।

ती दुबै कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक विरोध भट्टले बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया लगायतका बारेमा प्रस्तुती गर्नुका साथै बीमा सम्बन्धी कुनै गुनासा भएका वा समस्या परेमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो।

कार्यक्रमको संचालन प्राधिकरणका सहायक निर्देशक अनुराग पाण्डेले गर्नुभएको थियो।



## सुदूरपश्चिम प्रदेशमा बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम

# बीमा दाबी भुक्तानी झण्झटिलो भएको कृषकहरूको गुनासो




दिपायल सिलगढीमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।

नेपाल बीमा प्राधिकरण, सुदुरपश्चिम प्रदेश कार्यालयको आयोजनामा सुदुरपश्चिम प्रदेशका कञ्चनपुर, बाजुरा, अछाम र डोटी जिल्लामा बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरिएको छ। जसअनुसार, कञ्चनपुर जिल्लाको कृष्णपुर नगरपालिकामा यही २०७९ साल मङ्सीर २९ गते, बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिकामा यही २०७९ साल पुस ३ गते, अछाम जिल्लाको साँफेबगर नगरपालिकामा पुस ४ गते र डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिकामा पुस ५ गते तथा शिखर नगरपालिकामा पुस ६ गते कार्यक्रमहरू आयोजना गरिएको हो।

**कञ्चनपुर जिल्लाको कृष्णपुर नगर पालिका**मा आयोजित कार्यक्रममा कृषि सहकारीका प्रतिनिधि तथा कृषकहरूले बीमा दाबी भुक्तानी झण्झटिलो रहेको, कतिपय बीमा कम्पनीले निर्जीवन बीमा गर्न नमानेको, बीमा गर्न बीमा कम्पनीहरू गाउँघरमा नआएको, बीमा गर्दा हुने फाइदाका बारेमा राम्रोसँग जानकारी नपाएको लगायतका धारणा राख्नुभएको थियो। कार्यक्रममा कृष्णपुर नगरपालिकाका प्रमुख हेमराज ओझाले नगरपालिकामा बीमाको दायरा बढाउनका लागि आवश्यक व्यवस्था गर्न नगरपालिका प्रतिवद्ध रहेको बताउँदै निर्जीवन बीमाको पहुँच विस्तारमा जोड दिन नेपाल बीमा प्राधिकरणसँग आग्रह गर्नुभयो।

बाजुरा जिल्लाको बूढीगङ्गा नगरपालिकामा भएको कार्यक्रममा सहभागी कृषि सहकारीका सदस्य तथा अगुवा कृषकहरूले बीमा कम्पनीहरूले बाख्राको बीमा गर्न नमानेको, दाबी भुक्तानी कम दिने गरेको, आवश्यक परेको बेलामा क्षति मूल्याङ्कनकर्ता नभेटिएको लगायतका गुनासो गर्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि बूढीगंगा नगरपालिकाका कार्यवाहक प्रमुख पदम भण्डारीले नगरपालिकाभित्रका सबैलाई आफू, आफ्नो परिवार र सम्पत्तिको बीमा गर्न आग्रह गर्नुहुँदै त्यसका लागि नगरपालिकाका तर्फबाट गर्न सकिने सहयोग गर्ने पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

**अछाम जिल्लाको साँफेबगर नगरपालिकामा** आयोजित कार्यक्रममा सहभागीहरूले कोरोना बीमाको दावी भुक्तानी नपाएको, जीवन बीमाको दाबीभन्दा कम रकम पाएको, बुङ्गुरको बीमा गर्न नमानेको, पशु बीमाको भुक्तानी नपाएको, केरा खेतीको बीमालेखमा त्रुटी देखिएको, समयमा प्राविधिक नभेटिने गरेको लगायतका गुनासो गर्नुभएको थियो। कार्यक्रमका प्रमुख अतिथि साँफेबगर नगरपालिकाका कार्यवाहक प्रमुख मकर कुँवरले बीमाको दायरा विस्तारका लागि नगरपालिकाले आवश्यक पहल गर्ने बताउनुभयो।

**डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका**मा भएको कार्यक्रममा सहभागी अगुवा कृषक लगायत सहभागीहरूले धान, मकै, कोदो, गहुँ लगायतका खाद्यान्न बालीहरूको बीमालेख ल्याउन आग्रह गर्दै पशुबीमाको दाबी भुक्तानी नपाएको, आवश्यक परेका समयमा प्राविधिक नभेटिने गरेको, कोरोना बीमाको दाबी भुक्तानी नपाएको लगायतका गुनासा राख्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि दिपायल सिलगढी नगरपालिकाका उपप्रमुख कलावती महर साउदले बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि कार्यक्रम आयोजना गरेकोमा नेपाल बीमा प्राधिकरणप्रति आभार प्रकट गर्नुहुँदै यसबाट बीमाको पहुँच विस्तारमा मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

**अछाम जिल्लाको शिखर नगरपालिकामा** आयोजित कार्यक्रममा सहभागीहरूले विपन्न बर्गको बीमा गर्न सरकारले अनुदानको व्यवस्था गर्नुपर्ने, कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानीलाई झन्झटमुक्त र छिटोछरितो बनाउनुपर्ने, गाउँघरमा नै पुगेर पशुबीमा गर्ने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो। कार्यक्रममा प्रमुख अतिथि शिखर नगरपालिकाका कार्यवाहक प्रमुख दीर्घ बहादुर सिंहले आफू, आफ्नो परिवार र आफ्नो सम्पत्तिको बीमा गरेर आर्थिकरूपमा सुरक्षित रहन सबैलाई आग्रह गर्नुभयो। ती सबै कार्यक्रमहरूमा नेपाल बीमा प्राधिकरण, सुदुरपश्चिम प्रदेश कार्यालयका प्रमुख ओमबहादुर अधिकारीले न्यून आय भएका तथा पिछडिएका बर्गहरूको बीमा गर्ने व्यवस्था गर्न र नगरपालिकाका सेवाहरूसँग आवद्ध गरेर घर तथा सम्पत्तिको बीमालाई अनिवार्य गर्न नगरपालिकासँग आग्रह गर्नुभयो।

नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक दीपक ज्ञवालीले संचालन गर्नुभएका ती कार्यक्रमहरूमा सम्बन्धित पालिकाहरूका वडा अध्यक्ष, वडा सदस्य र कर्मचारीहरू, कृषि सहकारी संस्थाका प्रतिनिधि, महिला सहकारी संस्थाका प्रतिनिधि, जिल्लास्थित बीमा कम्पनीका प्रवन्धक, अगुवा कृषक र संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।



कृष्णपुर न.पा. मा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू

कर्णाली प्रदेशमा बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रम

# बीमा अभिकर्ता शहरमुखी भएको र कृषि बीमा गर्न नपाएको गुनासो




तीला गाउँपालिकामा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा कर्णाली प्रदेशका सुर्खेत, जुम्ला, मुगु र कालिकोटका विभिन्न पालिकाहरूमा बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरिएको छ।

जुम्ला जिल्लाको तातोपानी गाउँपालिकामा यही २०७९ साल पुस ८ गते आयोजित बीमा सम्बन्धी जानकारीमूलक अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले कृषि, जडिबूटी तथा पशुपन्छी बीमाको दाबी भुक्तानी कठिन भएको, बीमा अभिकर्ता शहरमुखी भएको, बीमाका बारेमा राम्रो जानकारी नपाएको, बीमा कम्पनीले कृषि बीमा गर्न नमानेको लगायतका धारणा राख्नुभएको थियो।

कार्यक्रमका प्रमुख अतिथि तातोपानी गाउँपालिकाका अध्यक्ष नन्दप्रसाद चौलागाईंले बीमाको पहुँच वृद्धिका लागि ठोस नीतिगत व्यवस्था गरेर अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै बीमा सम्बन्धी चेतनामूलक कार्यक्रमहरूलाई नेपाल बीमा प्राधिकरणसँग समन्वय गरी आगामी दिनमा निरन्तरता दिने बताउनुभयो।

जुम्ला जिल्लाको तिला गाउँपालिकामा यही २०७९ साल पुस ७ गते आयोजित बीमा सचेतना कार्यक्रममा सहभागी कृषकहरूले बाढीले गाई गोरू बगाउँदा ट्याग समेत बगाएकाले बीमा दाबी नपाएको, बीमा दाबी पाउन धेरै झण्झट व्यहोर्नुपरेको लगायतका गुनासो गर्नुभयो।

कार्यक्रममा प्रमुख अतिथि तिला गाउँपालिकाका अध्यक्ष मोतीलाल रोकायाले घरहरूको बीमा र बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम संचालनलाई प्राथमिकताका साथ अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो।

सुर्खेत जिल्लाको चौकुने गाउँपालिकामा यही २०७९ मङ्सीर १६ गते आयोजित बीमा सचेतना कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानीलाई सहज तुल्याउन नेपाल बीमा प्राधिकरणले जोड दिनुपर्ने, बीमा कम्पनीहरू गाउँ गाउँमा पुग्नुपर्ने, गाउँपालिकाको कार्यालयमा बीमकको सेवा काउन्टर खोल्नुपर्ने लगायतका सुझाव दिनुएको थियो।

कार्यक्रममा प्रमुख अतिथि चौकुने गाउँपालिकाका अध्यक्ष खड्ग बिकले कृषि, जडिबुटी तथा पशुपन्छी बीमा, स्वास्थ्य बीमा, जीवन बीमा र सम्पत्तिहरूको बीमा गरेर आर्थिक जोखिमबाट मुक्त रहन आग्रह गर्नुभयो।

मुगु जिल्लाको छाँयानाथ रारा नगरपालिकामा भएको कार्यक्रममा बीमा कम्पनीका शाखा कार्यालयमा एकजना मात्र कर्मचारीको व्यवस्था गरेका कारण धेरै समय कार्यालय बन्द रहने गरेको, एउटै कर्मचारीले बजारीकरण, जोखिमाङ्कन र प्रशासनिक काम गर्ने गरेको, कर्मचारीमा बीमा सम्बन्धी ज्ञानको अभाव रहेको, शाखा कार्यालयहरूमा न्यूनतम पूर्वाधार समेत नभएको, बीमा दाबी भुक्तानी समयमा नभएको बताउनुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि छाँयानाथ रारा नगरपालिकाका निमित्त प्रमुख कर्ण रावलले प्राधिकरणसँगको समन्वयमा बीमा सचेतना कार्यक्रमलाई अघि बढाउने र सम्पत्ति बीमालाई अनिवार्य गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा सार्वजनिक सेवा भएकाले कुनै पनि बीमा कम्पनीले सेवा दिन्न भन्न नपाइने उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानी नपाएमा वा कुनै समस्या परेमा प्राधिकरणमा उजुरी दिन आग्रह गर्नुभयो।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक राजेन्द्र महर्जनले संचालन गर्नुभएका ती कार्यक्रमहरूमा सम्बन्धित गाउँपालिकाका वडा अध्यक्ष, सदस्य तथा कर्मचारी, शिक्षक, अगुवा कृषक, बीमा कम्पनीका शाखा कार्यालयका कर्मचारी, सहकारी संस्थाका प्रतिनिधि, संचारकर्मीहरू लगायतको सहभागिता रहेको थियो।

यसअघि, जुम्लाको सिंजा र सुर्खेतको चिङ्गाड गाउँपालिका तथा सुर्खेतको गुर्भाकोट र कालिकोटको तिलागुफा नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भइसकेका छन्। साथै, जिल्ला समन्वय समिति, कालिकोटको कार्यालयमा समेत बीमा सचेतना कार्यक्रम आयोजना गरिएको छ।



छायाँनाथ रारा न.पा. मा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू

जुम्लास्थित बीमकका सरोकारवालाहरूसँग अन्तरक्रिया

# ओखर र सिमीको बीमालेख बनाउन आग्रह

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा यही पुस ७ गते जुम्लामा बीमकका शाखा कार्यालयका प्रमुख, बीमा अभिकर्ता र बीमा सर्भेयरहरूसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सहभागीहरूले ओखर र सिमीको बीमालेख बनाउनुपर्ने, तुसारो र असिनाको जोखिमबारे स्पष्ट गर्नुपर्ने उल्लेख गर्दै बीमा कम्पनीहरूले तुसारोले पुऱ्याएको क्षतिको दाबी भुक्तानी नदिएको, बीमा अधिकर्ताहरूले समयमा नै बीमा रकम दाखिला नगरेको, स्याउ खेती बाहेक अन्य खेतीको बीमा नभएको लगायतका गुनासा गर्नुभएको थियो।

कार्यक्रममा प्रमुख अतिथि जुम्ला जिल्ला समन्वय समितिका प्रमुख गौरीनन्द आचार्यले बीमा गर्न सहज भए जस्तै बीमा दाबी भुक्तानी पनि सहज हुनुपर्ने र बीमा कम्पनीहरूले बीमाशुल्क बुझाउने मितिका बारेमा बीमितलाई समय समयमा जानकारी दिनुपर्ने बताउनुभयो।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम प्रसाद सोडारीले बीमा व्यवसायमा देखिका समस्याहरू पहिचान गरी समाधान गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक राजेन्द्र महर्जनले संचालन गर्नुभएको उक्त कार्यक्रममा बीमकका शाखा कार्यालयका प्रमुख, बीमा अभिकर्ता, बीमा सर्भेयर, जिल्ला वाणिज्य संघ, जिल्ला सहकारी संघ र जिल्ला बचत संघ प्रतिनिधिहरू लगायतको उपस्थिति रहेको थियो।

कर्णाली प्रदेश प्रहरीसँग बीमा सम्बन्धी अन्तरक्रिया

# बीमा दाबी भुक्तानीको सहजीकरणका लागि गर्नुपर्ने कार्य गर्न प्रहरी तयार




सुर्खेतमा आयोजित अन्तरक्रिया कार्यक्रममा सहभागीहरू।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा बीमा सचेतना कार्यक्रम अन्तर्गत यही पुस ४ गते सुर्खेतमा प्रदेश प्रहरीसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

बीमा सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था, बीमालेखमा हुने रक्षावरणको व्यवस्था, बीमामा हुने जालसाजी तथा झुठ्ठा विवरण सङ्कन र घटना प्रकृति मुचुल्का गर्दा ध्यानदिनुपर्ने विषय र बीमा सम्बन्धमा आइपर्ने समस्याहरूका बारेमा छलफल गरी बीमा क्षेत्रमा आपराधिक गतिविधि नियन्त्रण गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो।

कार्यक्रममा बीमा ऐन, २०७९ मा भएका व्यवस्था, बीमा क्षेत्रमा देखिएका व्यवहारिक चुनौती, दाबी भुक्तानीमा देखिएका समस्या र बीमा व्यवसायको संचालन अवस्था लगायतका विषयमा छलफल भएको थियो।

छलफलमा प्रहरीले कागजात पठाउँदा पनि विभिन्न बहाना बनाएर बीमा दाबी भुक्तानीमा ढिलाई हुनेगरेको गुनासाहरू आउने गरेको, दाबी भुक्तानीका लागि पटक पटक धाउनुपर्ने बाध्यताका कारण दाबी भुक्तानीमा नै अविश्वास देखापरेको विषयहरू उठाइएको थियो।

कार्यक्रममा प्रमुख अतिथि सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले भौतिक संरचनाको बीमा गर्दा संरचनाको मात्रै नभएर अन्य विभिन्न प्रकारका जोखिमहरू समेत बीमा प्रणालीमार्फत हस्तान्तरण गर्ने प्रणाली विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

कर्णाली प्रदेशका प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक पोषराज पोखरेलले सुरक्षा निकायका सबैलाई बीमाका धेरै विषयवस्तुहरूबारे जानकारी भएको उल्लेख गर्नुहुँदै बीमा दाबी भुक्तानीका लागि सहजीकरण र घटना प्रमाणीकरणमा एकरूपता ल्याउन समन्वय गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख पदम सोडारीले बीमा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो।

प्राधिकरणका सहायक निर्देशक राजेन्द्र महर्जनले स्वागत र सहायक निर्देशक चिनिया लामाले संचालन गर्नुभएको कार्यक्रममा कर्णाली प्रदेशस्थित नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका उच्च पदाधिकारीहरू करिव १३० जनाको सहभागिता रहेको थियो।

सङ्क्षिप्त

# समाचार

## बीमाको दायरामा वृद्धि

चालू आर्थिक वर्षको मङ्सीर मसान्तसम्ममा बीमाको दायरामा आउने जनसङ्ख्या (म्यादि, लघुम्यादी र वैदेशिक रोजगार बीमालेख) बढेर ४४ प्रतिशत पुगेको छ । यसैगरी चालू आर्थिक वर्षको मङ्सीर मसान्तसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा जीवन बीमाशुल्क सङ्कलन २.३९ प्रतिशत र निर्जीवन बीमाशुल्क सङ्कलन ३.५८ प्रतिशतले बढी कूल बीमाशुल्क संकलन २.६४ प्रतिशतले बृद्धि भएको छ ।

## बीमकहरूको कार्यालय र कर्मचारीमा वृद्धि

चालू आर्थिक वर्षको मङ्सीर मसान्तसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा बीमा कम्पनीहरूको कार्यालय संख्या ३.८४ प्रतिशतले बढेर ३ हजार ३५७ छ। यसैगरी, बीमा कम्पनीहरूको कर्मचारीहरूको संख्या ३.६७ प्रतिशतले बढेर ११ हजार ८२० पुगेको छ ।

## बीमकको लगानी निर्देशिका जारी

नेपाल बीमा प्राधिकरणले लघु निर्जीवन बीमकको लगानी निर्देशन, २०७९, लघु जीवन बीमकको लगानी निर्देशन, २०७९, पुनर्बीमकको लगानी निर्देशन, २०७९, निर्जीवन बीमकको लगानी निर्देशन, २०७९ र जीवन बीमकको लगानी निर्देशन, २०७९ जारी गरेको छ । बीमा क्षेत्रबाट गरिने लगानीलाई विविधीकरण गर्नका लागि जारी गरिएका निर्देशिकाहरूबाट जलविद्युत लगायत सरकारबाट स्वीकृतिप्राप्त क्षेत्रहरूमा लगानी गर्न मार्ग प्रशस्त भएको छ ।

## बीमकहरू मर्जर

नेपाल बीमा प्राधिकरणले बीमा कम्पनीहरूको चुक्ता पूँजी बृद्धिको निर्णय गरे बमोजिम चुक्ता पूँजी पुऱ्याउनका लागि हालसम्म छवटा बीमा कम्पनी एक आपसमा मर्जर भई तीनवटा भएका छन् । निर्जीवनतर्फ हिमालयन जनरल इन्स्योरेन्स कम्पनी र एभरेष्ट इन्स्योरेन्स पनि मर्जर भई हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी र सानिमा जनरल इन्स्योरेन्स कम्पनी र जनरल इन्स्योरेन्स कम्पनी मर्जर भई सानिमा जनरल इन्स्योरेन्स कम्पनी बनेका छन् । यसैगरी, निर्जीवन बीमातर्फ सूर्या लाइफ इन्स्योरेन्स कम्पनी र ज्योति लाइफ इन्स्योरेन्स कम्पनी मर्जर भई सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी बनेको छ । अन्य १३ वटा बीमा कम्पनीहरूले मर्जरका लागि नेपाल बीमा प्राधिकरणबाट प्रारम्भिक सहमति लिएका छन् । मर्जरपश्चात् हाल जीवन बीमातर्फ १८ र निर्जीवन बीमातर्फ १८ बीमा कम्पनीहरू कायम भएका छन् ।

## बाखा बीमालेखमा संशोधन

नेपाल बीमा प्राधिकरणले सामूहिक बाखा बीमा लगायतका व्यवस्थाहरू थप गरी बाखा बीमालेख संशोधन गरेको छ । बाखा बीमालेख खरीद गर्दा दुर्घटना बीमा वापत् बीमाशुल्क प्रति बीमित रू. ५ सय बीमाशुल्क बुझाउनुपर्ने र त्यसरी बुझाइएको बीमाशुल्क वापत बीमित बाखापालक कृषकको रू. २ लाखको दुर्घटना बीमा हुने व्यवस्था समेत संशोधित बाखा बीमालेखमा रहेको छ ।

## विभिन्न बीमालेख स्वीकृतिको चरणमा

जडिबूटी बीमा अन्तर्गत टिमुरखेती बीमालेख तथा मेन्थाखेती बीमालेख र धान, मकै, गहुँ, जौ तथा कोदो समेटेर तयार गरिएको खाद्यान्न बाली बीमालेख स्वीकृतिको अन्तिम चरणमा पुगेको छ । कृषिबीमा अन्तर्गत स्टबेरी बीमालेख निर्माण कार्य सम्पन्न भएको छ भने पशुपन्छी बीमा अन्तर्गत माछा बीमालेख, पशुधन बीमालेख र पन्छी बीमालेख संशोधनको कार्य अगाडि बढाइएको छ ।

## लघुबीमा कम्पनी स्थापनाका लागि सैद्धान्तिक सहमति

सीमान्तकृत र विपन्न बर्गसम्म प्रभावकारीरूपले बीमाको पहुँच पुऱ्याउने उद्देश्यले लघुबीमा व्यवसाय संचालन गर्न हरेक प्रदेशमा एक एकवटा गरी सातवटा लघुबीमा कम्पनी स्थापनाका लागि नेपाल बीमा प्राधिकरणबाट सैद्धान्तिक सहमति प्रदान गरिएको छ ।

स्वीकृति पाउनेमा तीनवटा लघु जीवन बीमा कम्पनी र चारवटा लघु निर्जीवन बीमा कम्पनी रहेका छन् । यसैगरी, प्राधिकरणले लघु बीमक संस्थापना तथा दर्ता सम्बन्धी निर्देशिका, २०७९ जारी गरेको छ ।

## मुद्दा फछ्यौंट

बीमितले बीमक विरूद्ध प्राधिकरणमा दर्ता गरेका मुद्दाहरूको फछ्यौंटलाई प्राधिकरणले प्राथमिकता दिँदै आएको छ । प्राधिकरणमा हालसम्म दर्ता भई फछ्यौंट हुन बाँकी रहेका कूल २३२ मुद्दामध्ये चालू आर्थिक वर्षको हालसम्मको अवधिमा ४६ मुद्दा फैसला र सहमतिबाट फछ्यौंट भएका छन् ।

हाल प्राधिकरणमा १८६ वटा मुद्दा फछ्यौंट हुन बाँकी छन् ।

## बीमा अभिकर्ता र बीमा सर्भेयर दर्ता तथा नवीकरण

नेपाल बीमा प्राधिरकणले बीमा अभिकर्ता र बीमा सर्भेयरको इजाजतपत्र नवीकरणका लागि दिएको यही २०७९ असोज मसान्तसम्मको अवधिमा ४ हजार २२१ व्यक्तिगत बीमा अभिकर्ता, १० संस्थागत अभिकर्ता १० र १२२ सर्भेयरको इजाजतपत्र नवीकरण भएको छ । यसैगरी, ४७ हजार ८०२ व्यक्तिगत अभिकर्ता, २९ संस्थागत अभिकर्ता र ५९ सर्भेयरको दर्ता भएको छ ।

प्राधिकरणले आफ्ना प्रादेशिक कार्यालयहरूबाट बीमा अभिकर्ता दर्ता तथा नवीकरण हुने व्यवस्थाको थालनी गरेको छ । साथै, बीमा मध्यस्थकर्ताको परीक्षासम्बन्धी सफ्टवेयर समेत तयार गरेको छ ।

## गुनासो सुन्ने अधिकारीको व्यवस्था

बीमा सम्बन्धी जनगुनासाहरूलाई प्रभावकारीरूपले सम्बोधन गर्नका लागि हालै मात्र प्राधिकरणमा गुनासो अधिकारीको व्यवस्था गरिएको छ । जनगुनासो सुन्नका लागि प्राधिकरणका उजुरी शाखाका उपनिर्देशक विरोध भट्टलाई गुनासो सुन्ने अधिकारीका रूपमा मनोनयन गरिएको छ । गुनासो सुन्ने अधिकृतसँग सम्पर्क हुन नसके वा अनुपस्थिति रहेको अवस्थामा उजुरी शाखाका सहायक निर्देशक रञ्जिता के.सी. ले गुनासो सुन्ने व्यवस्था गरिएको छ ।

## बीमा मध्यस्थकर्ता परीक्षा संचालन सम्बन्धी निर्देशिका जारी

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ बमोजिम बीमा मध्यस्थकर्ता (अभिकर्ता) परीक्षा संचालन सम्बन्धी निर्देशिका, २०७९ जारी गरेको छ । सोही निर्देशिका अनुसार बीमा अभिकर्ताको परीक्षा संचालनका लागि आवश्यक कार्य अगाडि बढाइएको छ ।

## बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रमहरू प्रसारण

बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले रेडियो नेपाल, रेडियो सगरमाथा र नेपाल एफ.एम. बाट बीमा सम्बन्धी जानकारीमूलक सन्देशहरूको प्रशारण शुरु गरिएको छ। रेडियो नेपालबाट हरेक हप्ताको आइतबार बिहान ७ बजेको समाचारपछि बीमा सचेतना कार्यक्रम, रेडियो सगरमाथाबाट प्रत्येक मङ्गलबार विहान ७:३० बजे बीमा साक्षरता कार्यक्रम र नेपाल एफ.एम. बाट हरेक हप्ताको बुधबार बेलुका ६:३० बजे बीमा जागरण कार्यक्रम प्रसारण हुँदै आएका छन् ।

यसैगरी, चालू आर्थिक वर्षमा पनि नेपाल टेलिभिजनबाट हरेक हप्ताका मङ्गलबार, बिहिबार र शनिवार प्रत्येक समाचार अगाडि बीमा सम्बन्धी जानकारीमूलक बीमा सन्देशहरू प्रसारणलाई निरन्तरता दिइएको छ ।